annapurnapost.com


# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ६३ पृष्ठ ८ | काठमाडौं, मंगलबार १८ असार २०८१ | आषाढ कृष्णपक्ष एकादशी, नेपाल संवत् ... TUESDAY, JULY 2, 2024 | काठमाडौं ... एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# मध्यराति भत्कियो गठबन्धन अब ओलीको नेतृत्वमा राष्ट्रिय सरकार

- डेढ वर्षपछि देउवा प्रधानमन्त्री बन्ने
- पूर्वप्रधानन्यायाधीश श्रेष्ठको नेतृत्वमा 'संविधान संशोधन सुझाव समिति' बनाइने



अन्नपूर्ण पोस्ट्ले असार ११ गते 'अब राष्ट्रिय सहमतिको सरकारमा किन नजाने ?' शीर्षकमा समाचार प्रकाशन गरेको थियो । त्यसको ठीक एक सातामा ठूला राजनीतिक दलहरू त्यही निधोमा पुगेका छन् । सोमबार राति अबेला भएको कांग्रेस-एमाले शीर्ष निर्णय अनुसार अब एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन हुने भएको छ । डेढ वर्षपछि त्यसको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले गर्ने छन् ।

**सुरेन्द्र काफ्ले/राधा खनाल** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

## विपद् व्यवस्थापनका लागि उच्च सतर्कता अपनाएका छौं



**मुक्तिराम खनाल**

इजलास

बर्खायाम सुरु भएपछि हुने विपद्को जोखिम न्यूनीकरणका लागि अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले नगरस्तरीय विपद् व्यवस्थापन समितिबाट विभिन्न निर्माण गरेर उच्च सतर्कता अपनाएको छ। पहाडी जिल्ला भएकाले पहिरो जाने र खोलाहरूमा बाढीबाट हुने क्षति कमी गर्नका लागि विपद् प्रतिकार्य योजनाअनुसार विशेष योजनाका साथ काम गरेका छौं।

नगरपालिकाका-६ नरपानी, ७ खाँचीकोट, ९ अर्घा र ११ डिभर्ना विपद्को उच्च जोखिममा छन्। यस स्थानमा जान सक्ने सम्भावित पहिरोबाट क्षति हुन नदिन र भैहालेमा जनचेतनामूलक कार्यक्रम सँगै सतर्कता लागि क्विक रेस्पोन्स टिम बनाएर तयारी अवस्थामा राखिएको छ। नगरमा जेसिभी, गाडीहरू तयारी अवस्थामा छन्। स्थानीय प्रशासन, सुरक्षाकर्मी र जिल्ला स्तरीय विपद् व्यवस्थापन समितिसँग समन्वय गरेर तयारी गरिएको छ। विपद्को समयमा उद्धारका लागि चाहिने उद्धार सामग्रीहरू नगरपालिकाको तर्फबाट सुरक्षाकर्मीलाई प्रदान गरिएको छ। विपद्मा स्वास्थ्य समस्यालाई निराकरण गर्न स्वास्थ्य सामग्री तयारी अवस्थामा छ। गोरुसिंगे सन्धिखर्क सडकको फुद्बाङदेखि घुम्तीसम्मको सडकमा पहिरो जान सक्ने र जसका कारण सडक अबरुद्ध हुन सक्ने भएकाले वैकल्पिक सडक भुवनडाँडा तर्फबाट मर्मत गरेर राखेका छौं।

सन्धिखर्क १ र २ को सिमाना चुत्राबेँसीको बागीखोला कजवेयमा खोलाले भरेको नदीजन्य पदार्थले खोला छेकिएर बस्तीमा पस्ने जोखिम बढेपछि खोलाले थुपारेको ढुंगा तथा बालुवा निकालेका छौं। जसले गर्दा बागी खोला सलल बग्ने छ। विपद् एउटै पालिकामा मात्र नआउने भएकाले अन्तर पालिका स्तरीय विपद् व्यवस्थापन समितिसँग पनि समन्वय र सहकार्य गरेर अगाडि बढेका छौं।

*(मुक्तिराम खनाल सन्धिखर्क नगरपालिकाको राजस्व शाखा प्रमुख तथा विपद् व्यवस्थापन फोकल प्रसन हुन्।)*

# हदबन्दी छुटको जग्गा बिक्री गर्न पाउने विधेयक पारित

**अन्नपूर्ण** | *काठमाडौं*

हदबन्दी छुटको जग्गा बेच्न पाउने गरी सरकारले ल्याएको विधेयक सोमबार प्रतिनिधिसभाबाट पारित भएको छ।

लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक प्रतिनिधिसभाबाट सोमबार पारित भएको हो। उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले पेस गरेका हुन् । संशोधित भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ मा थप गरेर भनिएको छ, 'सरकारद्वारा जारी सूचित आदेशबमोजिम स्वीकृति लिई हदबन्दीभन्दा बढी जग्गा खरिद गर्न अनुमतिप्राप्त सार्वजनिक संस्था, उद्योग, प्रतिष्ठान, कम्पनी, आयोजना, शिक्षण संस्था वा अन्य कुनै संस्थाको रोजगारी तथा उत्पादन नघट्ने र निरन्तर सञ्चालन हुन सक्ने भएमा बैंक तथा वित्तीय संस्थाको ऋण परफारक र दायित्व भुक्तानी गर्नका लागि खरिद गरेको हदभित्रको जग्गा मन्त्रालयले तोकेको शर्तको अधिनमा रही मन्त्रालयको स्वीकृतिमा एक पटकका लागि बिक्री वितरण गर्न बाधा पर्ने छैन।'

प्रमुख प्रतिपक्षि नेपाली कांग्रेसका सांसद प्रदीप पौडेलले संयुक्त संशोधनकर्ताको तर्फबाट प्रदीप पौडेलले संशोधन प्रस्तुत गर्दै छलफलमा भाग लिएका थिए। सांसद पौडेलले विधेयकलाई निर्णयार्थ प्रस्तुत नगरी समितिमा पठाउने निर्णय गर्न माग गरेका थिए। 'हदबन्दीभित्रको जग्गा बिक्री गर्न पाउनुपर्छ। यसलाई स्पष्ट रूपमा भनौं। हदबन्दी छुटको निर्णय नेपाल सरकारले गर्छ भने त्यो जग्गा बिक्रीको स्वीकृति पनि नेपाल सरकारले नै दिने व्यवस्था गर्नु उपयुक्त हुन्छ। हदबन्दीभन्दा बाहिरको जग्गा बिक्री गर्न नपाउनु कानुनको मूल मर्म र अदालतको निर्णयलाई ख्याल गरेर यसमा हामीले उल्लेख गरे झैं थप गर्न चाहन्छु,' सांसद पौडेलले भने, 'यो अदालतको निर्णयसँग पनि जोडिएको छ। अदालतको निर्णयसँग बाझिने गरी हामीले संशोधन गरेर त्यो कार्यान्वयन हुँदैन।'

बैठकमा भएको दफावार छलफलमा संशोधन प्रस्तुत गर्दै नेपाली कांग्रेसका सांसद अर्जुन नरसिंह केसी सर्वोच्च अदालतले स्वीकार नगर्ने दाबी गरे। 'फुर्सदै नहुने गरि यो विधेयक किन प्रस्तुत गरियो ? त्यसतर्फ म अत्यन्तै गम्भीर छुँ। यो दुराशययुक्त छ,' सांसद केसीले भने, 'समितिमा लगेर दफावार छलफल हुन सक्थ्यो। एकैचोटी संसद्मा प्रस्तुत गर्ने र छलफल गरी पारित गर्ने जुन कार्य भएको छ। यो नीतिगत भ्रष्टाचारको नमुनाका रूपमा लिएको छुँ। सर्वोच्च अदालतले स्वीकार गर्ने दस्तावेजका रूपमा यो रहन्न।' कांग्रेस सांसद रामहरि खतिवडा, नेपाल मजदुर किसान पार्टीका सांसद प्रेम सुवालले पनि हदबन्दी छुटको जग्गा बिक्री गर्न पाउने प्रावधान हटाउन माग गरेका थिए। संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको छ।

विधेयक पारित भएसँगै हदबन्दी छुटमा पाएको जग्गा एक पटकका लागि बिक्री गर्न पाइने भएको छ। विधेयक राष्ट्रिय सभाबाट स्वीकृत भए उद्योगहरूले हदबन्दी छुटमा पाएको जग्गा एक पटकका लागि बिक्री गर्न पाइनेछ।

» बाँकी पृष्ठ ६

## 'तपस्वी' बम्जनलाई १० वर्ष कैद र ५ लाख क्षतिपूर्ति सजाय आदेश



**सर्लाही** (अन्नपूर्ण) : जिल्ला अदालत सर्लाहीले बालिकामाथि यौनजन्य कसुर गरेका 'तपस्वी' रामबहादुर बम्जनलाई १० वर्ष कैद र पाँच लाख क्षतिपूर्ति सजाय फैसला गरेको छ। न्यायाधीश जीवनकुमार भण्डारीको एक इजलासले बम्जनलाई १० वर्ष कैद र पीडितलाई पाँच लाख रुपैयाँ क्षतिपूर्ति भराउने आदेश फैसला गरेको स्रेस्तेदार सदन अधिकारीले जानकारी दिए। गत सोमबार बम्जनले बालिकामाथि यौनजन्य कसुर गरेको ठहर गरेको थियो। सोही विषयमा आज सजाय सुनाइएको हो।

» बाँकी पृष्ठ ६

## ह्वात्तै बढ्यो शंकास्पद कारोबार


# वर्षमै ४० अर्बको शंकास्पद रकम

**ममता थापा** | *काठमाडौं*

पछिल्लो समय हरेक वित्तीय कारोबारमा कडाइ भएसँगै शंकास्पद कारोबारको मात्रा पनि बढेको छ। वित्तीय संस्थाहरूबाट वर्षमै ४० अर्ब रुपैयाँ बराबरको रकम शंकास्पद भेटिएको छ। नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइले सार्वजनिक गरेको शंकास्पद कारोबारको विवरणअनुसार वि.सं २०७९ पुस १७ गतेदेखि २०८० पुस १५ गतेसम्म (सन् २०२३)मा वित्तीय कारोबार गर्ने संस्थामा उक्त रकम शंकास्पद रूपमा रहेको छ। यो शंकास्पद रकम बैंक तथा वित्तीय संस्था, धितोपत्र दलाल कम्पनीहरू, रेमिट्यान्स कम्पनी, जीवन बिमा कम्पनी, सहकारी, मर्चेन्ट बैंकर लगायतका वित्तीय संस्थामा भएको कारोबारबाट भेटिएको हो।

सबैभन्दा बढी शंकास्पद कारोबार वाणिज्य बैंकमार्फत भएको छ। एफआईयूकाअनुसार वाणिज्य बैंकमा मात्रै १ वर्षमा ३८ अर्ब ७२ करोड ८७ लाख ६० हजार रुपैयाँ शंकास्पद भेटिएको छ। वर्षभरि ५ हजार २८२ वटा कारोबा रसिदमा यस्तो शंकास्पद लेनदेन भेटिएको हो। विकास बैंकमा ४७ करोड २२ लाख ७० हजार रुपैयाँ रकम शंकास्पद रहेको छ। ३ सय ३० वटा लेनदेनमा यस्तो कारोबार भेटिएको हो। यससँगै, सेयर कारोबारमा पनि कालोधन तथा शंकास्पद रकमको कारोबारको खुलासा भएको छ। धितोपत्र दलाल कम्पनीहरूमा ४२ करोड ९६ लाख ८० हजार रकम शंकास्पद भेटिएको हो। जुन ६२ वटा रसिदमा भेटियो। यसपछि वित्त कम्पनीहरूमा २६ करोड ५१ लाख ६० हजार रुपैयाँ शंकास्पद रकम भेटिएको छ। यो ९९ वटा रिसिप्टमा देखियो। यसैगरी क्रमशः रेमिट्यान्स कम्पनीहरूमा ११ करोड १३ लाख १० हजार (१५६ वटा रसिद), जीवन बिमा कम्पनीमा ३ करोड ६१ लाख ८० हजार (२६ वटा रसिद), भुक्तानी प्रणाली सञ्चालक र भुक्तानी सेवा प्रदायकमा १ करोड १५ लाख ३० हजार(२५० वटा), सहकारीमा ४८ लाख ५० हजार (२ वटामै), मर्चेन्ट बैंकरमा ४१ लाख र लघुवित्त वित्तीय संस्थामा २२ लाख रुपैयाँ बराबरको शंकास्पद कारोबार भएको छ।

विभिन्न निकायहरूबाट सन् २०२३ मा ६ हजार २ सय ५५ वटा रसिद शंकास्पदको घेरामा आएपछि नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइ (एफआईयू)मा सूचित गरिएको थियो। यो संख्या सन् २०२२ कोभन्दा २ हजार २ सय ७६ ले बढी हो। सन् २०२२मा ३ हजार ९ सय ७९, सन् २०२१ मा २ हजार २१, सन् २०२० मा १ हजार १ सय ३ वटा शंकास्पद लेनदेन भएका थिए।




**स्रोत नखुलेका सम्पत्ति वर्षमा ३ हजारभन्दा बढी**

वित्तीय अपराधका आधारमा सबैभन्दा बढी शंकास्पद कारोबार सम्पत्ति शुद्धीकरणकै सवालमा देखिन्छ। सन् २०२३ मा मात्रै यस प्रकारको लेनदेन ३ हजार १ सय ९९ वटा छन्। विशेष गरेर स्रोत नखुलेका सम्पत्ति यसभित्र पर्छन्। यसैगरी, कर छली/तस्करी/कर अपराधमा १ हजार ८ सय ६३ वटा लेनदेन शंकाको घेरामा रहे। यसैगरी पैसा, बैंकिङ, वित्त, विदेशी मुद्रा १ हजार ४० वटा शंकास्पद लेनदेन देखियो।

यस्तै, क्रमश : धोखाधडी (फ्रड)५ सय ६५ वटा, क्यासिनो र गेमिङ गतिविधिहरूको प्रयोग ४ सय ५ वटा लेनदेन शंकास्पद छ। यसैगरी, फर्म, साझेदारी, कम्पनी, संघ सम्बन्धित २ सय ८८ वटा गतिविधि शंकास्पद छन्। यसबाहेक शिक्षा, स्वास्थ्य, चिकित्सा, वैदेशिक रोजगारमा समेत ७० वटा केश सशंकित खालका देखिए। अझ एक वर्षमा ४७ वटा भ्रष्टाचारका र २६ वटा जालसाजी गतिविधि भेटिए। २० वटा घरजग्गा र सम्पत्ति सम्बन्धित लेनदेनसमेत शंकास्पद रहे।

नागरिकता, अध्यागमन र राहदानीमा १८ वटा शंकास्पद रहे। यसैगरी शंकास्पद देखिएका अन्य क्षेत्रहरूमा मानव बेचबिखन र आप्रवासी तस्करी, स्मग्लीङ, भित्री व्यापार (इन्साइडर ट्रेडिङ/मार्केट म्यानुपुलेसन (बजार हेरफेर), नक्कली मुद्राहरू, डकैती वा चोरी, संगठित आपराधिक समूह/ र्याकेटियरिङमा सहभागिता, नक्कली र उत्पादनहरूको पाइरेसी / आईपीआर उल्लंघनहरू, सञ्चार, प्रसारण, विज्ञापन सम्बन्धित, निर्वाचन सम्बन्धित, अपहरण, अवैध नियन्त्रण, बन्धक बनाउने गतिविधि शंकास्पद देखिएका छन्।

» बाँकी पृष्ठ ६